
ओयासामाको १४०औं वार्षिकी



https://www.tenrikyo.or.jp/eng/

ओयासामाको
१४०औं वार्षिकी

ओयासामाको १४०औं वार्षिकीतर्फ उन्मुख हुँदै आध्यात्मिक परिपक्वताको मार्गमा सँगै कदम चालौं !



सन् १८८७ जनवरी २६ का दिन
ओयासामाले सारा संसारका मानिसहरूको उद्धार गर्ने
वात्सल्यभावद्वारा सन्तानहरूको आध्यात्मिक
परिपक्वताबारे हतारिँदै आफ्नो भौतिक स्वरूप लोप
गर्नुभयो ।
तत्पश्चात् उहाँको स्वरूपको प्रत्यक्ष दर्शन सम्भव नभए
तापनि उहाँले जीवित सत्यताद्वारा वास्तविक
वासस्थानमा रहेर हामीलाई निरन्तर मार्गदर्शन गर्नुभएको
छ र सर्वोद्धारका लागि क्रियाशील रहनुभएको छ ।

आगामी तेन्रिक्यो १८९(सन् २०२६) जनवरी २६ मा
ओयासामाको १४०औं वार्षिकी मनाइनेछ ।
दस वर्षमा एक पटक मात्र मनाइने ओयासामाको
वार्षिकी भनेको सम्पूर्ण अनुयायीले दैवी वात्सल्यलाई
कदर गरी प्रत्युपकारस्वरूप पूर्ण रूपमा समर्पित हुने
महत्त्वपूर्ण अवसर हो । हामी योबोकुले त्यस दिनलाई
लक्ष्य बनाई तीन वर्ष हजार दिनको पूर्वतयारीको अवधिमा
सङ्कल्पित मनद्वारा सँगै दैवी नमुनाको अनुसरण गरी
आनन्दी जीवनका लागि सिकाइएको दैवी शिक्षालाई
व्यावहारिक रूपमा परिचालन गरौं र आध्यात्मिक
परिपक्वताको मार्गमा कदम अघि बढाऔं !

